काान्तिपुर अस्पताल प्रा. लि.
KANTIPUR HOSPITAL PVT. LTD.
सुविधानगर, तिनकुने, काठमाडौं
फोन नं. ४१११६२६, ४१११८५८
फ्याक्सः ४१११९२८
www.kantipurhospital.com.np



डा. रोशन प्रजापति
(वरिष्ठ क्यान्सर रोग विशेषज्ञ)

सन्दर्भ विश्व क्यान्सर दिवस

# क्यान्सर उपचारमा कान्तिपुर अस्पताल




नेपालमा क्यान्सरका बिरामीबारे एकीन तथ्यांक नभए पनि ६० हजारदेखि ७० हजारसम्मलाई यो रोग लागेको र वर्षेनि ५ हजारदेखि ७ हजार नयाँ बिरामी थपिने गरेको अनुमान छ । यीमध्ये धेरैजसो फोक्सोको क्यान्सरबाट पीडित छन्, त्यसपछि मुख र पेटको । महिलाहरू भने क्रमशः स्तन, पाठेघरको मुख र फोक्सोको क्यान्सरबाट पीडित छन् । नेपालमा नसर्ने रोगबाट हुने मृत्युमध्ये ७ प्रतिशत क्यान्सरबाट हुने गरेको छ । वर्ल्ड क्यान्सर रिसर्च फन्ड इन्टरनेशनलको सन् २०१२ को तथ्यांकअनुसार, विश्वभर करीब डेढ करोड मानिस क्यान्सरपीडित छन् । सन् २०३५ सम्ममा यो संख्या बढेर २ करोड ४० लाख पुग्ने अनुमान छ ।

## के हो क्यान्सर

क्यान्सर त्यस्तो रोग हो जसमा शरीरको कुनै भागमा कोषहरूको अनियन्त्रित वृद्धि हुन्छ र यस्तो वृद्धि अन्य भागमा फैलंदै जान्छ । यो सरूवा रोग होइन, तर यसलाई शुरूमै नष्ट गरिएन वा हटाइएन भने शरीरभर फैलिएर अन्ततः यसै कारणले मानिसको मृत्यु हुन्छ

## क्यान्सरको शुरूवाती लक्षण–

- शरीरमा नयाँ गिर्खा वा ट्युमर देखा पर्नु, स्तनमा गिर्खा आउनु
- असामान्य रूपमा रक्तश्राव वा पीप बग्नु, दिसा-पिसाबमा रगत देखिनु, खोक्दा रगत आउनु ।
- लामो समयसम्म खोकी लागिरहनु,
- अस्वभाविक रूपमा वजन घट्नु, थकाइ लाग्नु
- दिसा-पिसाबको बानीमा परिवर्तन हुनु
- घाउ हतपत निको नहुनु
- अपच वा खाना निल्न गाह्रो हुनु
- शरीरमा आएको कोठीको रंग र आकार परिवर्तन हुँदै जानु
- महिलामा मासिक श्राव बन्द भएपछि पनि रक्तश्राव हुनु आदि ।

यस्ता लक्षण अन्य रोगका कारण पनि देखिएका हुनसक्छन् । शुरूका लक्षण वा सामान्य परीक्षणका आधारमा क्यान्सर रोग लागेको यकीन गर्न सकिंदैन । यसका लागि मेडिकल इमेजिङ र बायप्सी गर्नुपर्ने हुन्छ ।

## क्यान्सरका कारण

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार संसारभर क्यान्सरबाट हुने मृत्युमध्ये २२ प्रतिशत चुरोट, सूर्ति, खैनी जस्ता सूर्तिजन्य पदार्थको सेवनका कारण हुने गरेको छ भने १० प्रतिशत क्यान्सर अत्यधिक मोटोपना, असामान्य खानपिन, व्यायामको कमी र रक्सी सेवनका कारण हुने गरेको पाइएको छ । डब्लुएचओका अनुसार, विकासोन्मुख देशहरूमा २० प्रतिशत क्यान्सर हेपाइटाइटिस बी, हेपाटाइटिस सी र ह्युम्यान प्यापिलोमाभाइरस जस्ता जिवाणुको संक्रमणले हुने गरेको छ । त्यस्तै, अत्यधिक घाम, रेडियो विकिरण र प्रदूषित वातावरणले पनि क्यान्सर रोग लाग्न सक्छ भने ५ देखि १० प्रतिशतसम्म क्यान्सर वंशाणुगत कारणले हुने गर्छ ।

चुरोट, बिडी, खैनी लगायतका सूर्तिजन्य वस्तु सेवनबाट क्यान्सरको सम्भावना अत्यधिक हुन्छ । सूर्तिजन्य कारणले मुख, श्वासनली, फोक्सो, आमासय, गर्भासय, मूत्रनली, मिर्गौला आदि अंगमा क्यान्सर हुन्छ । त्यसैगरी, अत्यधिक रक्सी सेवनले मुख, अन्न नली, पेट र महिलामा स्तन क्यान्सरको सम्भावना हुन्छ । अत्यधिक







चिल्लो, बोसो भएको खाना, चर्को नुन, पोलेको मासुले पनि क्यान्सरको सम्भावना बढाउँछ । ढुसी परेका र बासी खानेकुरामा अफ्लाटोक्सिन नामक क्यान्सर गराउने तत्व हुन्छ । अफ्लाटोक्सिनले कलेजो, आन्द्रा, आमासय आदिमा क्यान्सर हुने सम्भावना हुन्छ । त्यसैगरी, कीटनाशक औषधि र रासायनिक मल प्रयोग भएको अन्न, फलफूल, तरकारी र सागपात उपभोगबाट मुख, अन्ननली, आमासयको क्यान्सर हुनसक्छ भने बजारमा पाइने मिठाइमा मिसाइएका प्रिजर्भेटिभ र अखाद्य रंगहरू पनि क्यान्सरको कारण हुनसक्छन् ।

आँखामा हुने रेटिनोब्लास्टोमा, ठूलो आन्द्रा, स्तन र डिम्बासायको क्यान्सर वंशाणुगत कारणबाट पनि हुने गर्छ । त्यस्तै, वातावरणीय विकिरणका साथै एक्स-रे, सीटी स्क्यान, रेडियो थेरापी आदि जस्ता मेशीनले फ्याँक्ने विकिरणको अत्यधिक सम्पर्कमा पुग्ने व्यक्तिलाई क्यान्सर हुने सम्भावना बढी हुन्छ । त्यस्तै, लामो समय सूर्यको प्रकाशमा पाइने अल्ट्राभोइलट रेको असर पर्दा छालाको क्यान्सर हुन्छ भने हेपाइटाइटिस बी, हेपाटाइटिस सी र ह्यूम्यान प्यापिलोमाभाइरस जस्ता संक्रमणले पनि विभिन्नखाले क्यान्सर रोग लाग्ने सम्भावना हुन्छ । पाठेघरको क्यान्सरमा एचपीभी भाइरस प्रमुख कारण रहेको अनुसन्धानबाट देखिएको छ । हेलिकोब्याक्टर पाइलोरीको संक्रमणका कारण आमासयको क्यान्सर हुनसक्छ । सिस्टोसोमिया जस्ता परजीवीको संक्रमणले मूत्रथैलीको क्यान्सर हुनसक्छ ।

सवारी साधन र कलकारखानाबाट निस्कने धूवाँ, धूलोले प्रदूषित बनाएको वातावरणमा पाइने बेन्जिन, आर्सेनिक, क्याडमियम, क्रोमियम, भिनायर क्लोराइड जस्ता हानीकारक तत्वले फोक्सो, घाँटी, आमासय, आन्द्रा आदिमा क्यान्सर हुनसक्ने सम्भावना हुन्छ । त्यसबाहेक पोषणको कमी, विभिन्न रोगहरूको संक्रमण आदि कारणले शरीरको प्रतिरोधात्मक शक्तिमा कमी हुँदा पनि क्यान्सर हुने सम्भावना हुन्छ ।

### क्यान्सरबाट बच्न

- धूमपान, सूर्ति, गुट्खा सेवन नगर्ने
- शरीरको वजन ठिक्क राख्ने
- अत्यधिक रक्सी सेवन नगर्ने
- प्रशस्त मात्रामा तरकारी, सागपात, गेडागुडी खाने
- संक्रमक बिरामीवरूद्धको खोप लगाउने
- रातो मासु (राँगा, खसी), धूवाँमा सेकाएको र प्रोसेस्ड मासु नखाने
- चर्को नुन नखाने
- बढी चिल्लो, बोसो भएको, बासी, ढुसी परेको खाने कुरा नखाने
- सरसफाइमा विशेष ध्यान पुऱ्याउने
- नियमित व्यायाम गर्ने
- अत्यधिक चर्को घाममा नबस्ने
- नियमित स्वास्थ्य परीक्षण गराउने ।

क्यान्सर रोग लागेको शुरूमैं पत्ता लाग्दा यसको उपचार हुन्छ । क्यान्सरका बिरामीमध्ये ४० प्रतिशत उपचारबाट पूर्ण निको भएका छन् । अहिले नेपालमै क्यान्सरको परीक्षण र उपचार हुन्छ । काठमाडौंको कान्तिपुर अस्पतालमा पनि विशेषज्ञ चिकित्सकबाट क्यान्सरसम्बन्धी सबै परीक्षण र उपचार हुन्छ । गत ८ वर्षबाट क्यान्सरको उपचार गरिरहेको यो अस्पतालमा विभिन्न अंगमा लागेका क्यान्सरको उपचार सम्बन्धित विशेषज्ञ चिकित्सकबाट हुन्छ । कान्तिपुर अस्पतालमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सरको उपचार, सर्जरी र केमोथेरापी विशेषज्ञ चिकित्सकबाटै हुन्छ । क्यान्सर विभागमा कार्यरत प्यारामेडिक्सहरू पनि तालीमप्राप्त छन् ।

नियमित स्वास्थ्य परीक्षण गराऔं, शारीरिक अवस्था असमान्य महसूस हुनासाथै उपचार गराऔं ।